# गाउँपालिका स्तरीय नमुना पुस्तकालय(इ-लाइब्रेरीसहित) सञ्चालनार्थ

# पुस्तकालय सहायक(लाइब्रेरियन) कर्मचारी अनुदान तथा व्यवस्थापकीय खर्च सञ्चालन कार्यविधि २०७८

# पुस्तकालय सहायक(लाइब्रेरियन) कर्मचारी अनुदान तथा व्यवस्थापकीय खर्च सञ्चालन कार्यविधि २०७८

**गौमुखी गाउँकार्यपालिकाबाट स्वीकृत मिति : २०७८/०७/२९**

**प्रस्तावना :**

नेपालको संविधान २०७२ ले माध्यमिक तहसम्मको शिक्षाको जिम्मेवारी स्थानीय तहलाई दिएको छ । विद्यालय तथा बालबालिकाहरूको ज्ञान सीप वृद्धि एवम् शैक्षिक गुणस्तर सुधारका साथसाथै विभिन्न प्रकारका ज्ञान आर्जन गरी समाज विकसमा टेवा पुऱ्याउन चाहने गाउँपालिका भित्रका जो कुनै उमेर समूहका व्यक्तिका लागि पुस्तकालय प्रयोगका निम्ति सहजता ल्याउन गाउँपालिका स्तरमा एउटा नमुना पुस्तकालय(इ-लाइब्रेरीसहित) को कामकाज गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले दिएको अधिकार प्रयोग गरी गौमखी गाउँपालिकाको आ.व. २०७८/०७९ को नीति तथा कार्यक्रममा उल्लेख भएअनुसार गौमुखी गाउँपालिकाले नमुना पुस्तकालय सञ्चालनार्थ पुस्तकालय सहायक(लाइब्रेरियन) कर्मचारी अनुदान तथा व्यवस्थापकीय खर्च कार्यविधि २०७८ बनाई लागु गरेको छ ।

## परिच्छेद-एक
## संक्षिप्त नाम र प्रारम्भ

**१.१ यस कार्यविधिको नाम :** गौमुखी गाउँपालिकाका समुदायिक विद्यालय तथा सबै उमेर समूहका व्यक्तिहरूको शैक्षिक सूचना प्राणाली तथा बालबालिकाहरूको शैक्षिक सुधार कार्यक्रमअन्तर्गत पुस्तकालय सहायक(लाइब्रेरियन) कर्मचारी अनुदान तथा व्यवस्थापकीय खर्च सञ्चालन कार्यविधि २०७८ रहेको छ ।

**१.२ परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

**१.२.१ 'विद्यालय'** भन्नाले गौमुखी गाउँपालिकाभित्र रहेका बालबिकास कक्षादेखि कक्षा १२ सम्मका विद्यालययलाई सम्झनुपर्छ ।

**१.२.२ 'गाउँपालिका'** भन्नाले गौमुखी गाउँपालिका प्यूठानलाई सम्झनुपर्छ ।

**१.२.३ 'पुस्तकालय सहायक(लाइब्रेरियन) कर्मचारी'** भन्नाले पुस्तकालयमा दैनिक कामकाज गर्नका लागि नियुक्ति पाएको व्यक्तिलाई सम्झनुपर्छ ।

**१.२.४ 'तोकिएको विद्यालय'** भन्नाले गाउँपालिका स्तरीय नमुना पुस्तकालय सञ्चालन गर्न गाउँपालिकाले तोकेको साधारण तथा प्राविधिक धार सञ्चालन गरेको गाउँपालिकाको केन्द्र भागमा अवस्थित कक्षा १२ सम्म सञ्चालित विद्यालयलाई सम्झनुपर्छ ।

**१.२.५ 'स्थापना'** भन्नाले गौमुखी माध्यमिक विद्यालय नमुना पुस्तकालय स्थापना २०७८ सम्झनुपर्छ ।

**१.२.६ 'अन्य व्यक्ति'** भन्नाले विद्यालयका शिक्षक र विद्यार्थी बाहेक अभिभावक लगायत गाउँपालिकाभित्र बसोवास गर्ने सबै उमेर समूहका व्यक्तिहरूलाई सम्झनुपर्छ ।

## परिच्छेद-दुई
## मापदण्ड तथा सर्तहरू

**२. सर्तहरू : यस कार्यविधिबमोजिम निम्नानुसारका मापदण्ड र सर्तहरू लागु हुने छन् :**

**२.१.१** एक जना पुस्तकालय सहायक(लाइब्रेरियन) कर्मचारीलाई पुस्तकालय सम्बन्धी कामकाजको कार्य गर्न नियुक्तिसहित जिम्मा तोकिने छ ।

**२.१.२** पुस्तकालयमा नियुक्त लाइब्रेरियन सार्वजनिक विदामा बाहेक अन्य दिन विहान १० बजेदेखि ४ बजेसम्म विद्यालयमा उपस्थित भई पुस्तकालय सम्बन्धी कार्य गुर्नपर्ने छ । अन्य विदा सहुलियत भने शिक्षकले पाउने बराबर हुने छ ।

**२.१.३** पुस्तकालयको सेवा सुविधाबाट विद्यार्थी, शिक्षक तथा सबै उमेर समूहका अन्य व्यक्तिहरूलाई सेवाबाट बञ्चित गर्न पाइने छैन । तर, अन्य व्यक्तिको हकमा विद्यालयले तोकेको समय र दिनमा मात्रै सेवा प्रदान हुने छ ।

**२.१.४** पुस्तकालयबाट पुस्तकको वितरण, नवीकरण तथा अभिलेखीकरण दैनिक रूपमा राख्नुपर्ने छ । पुस्तकालय प्रयोग तथा पुस्तक वितरण सम्बन्धी मापदण्ड लाइब्रेरियनको परामर्शमा विद्यालयले निर्धारण गर्न सक्ने छ ।

**२.१.५** पुस्तकालय सहायक(लाइब्रेरियन) कर्मचारीको योग्यता कम्तिमा कक्षा १२ उत्तीर्ण वा सो सरह उत्तीर्ण गरी कम्प्यूटर सम्बन्धी आधारभूत ज्ञान भएको हुनुपर्ने छ ।

**२.१.६** पुस्तकालय सहायक(लाइब्रेरियन) कर्मचारीले मासिक पारिश्रमिक निम्नमाध्यमिक तहको गाउँपालिका अनुदान शिक्षक सरहको सुविधा पाउने छ । पुस्तकालयको कामकाज बाहेक लाइब्रेरियनको रूपमा नियुक्त व्यक्तिलाई विद्यालयको अन्य कुनै पनि कामको जिम्मा दिएमा थप पारिश्रमिक रकम विद्यालयले नै उपलब्ध गराउनुपर्ने छ ।

**२.१.७** पुस्तकालयलाई व्यवस्थित र कम्प्यूटर प्रणालीमा अभिलेख राख्न सहयोग पुराउने उद्देश्यबमोजिम पुस्तकालय सहायक(लाइब्रेरियन)लाई एक सेट ल्यापटप/कम्प्यूटर उपलब्ध गराउन सकिने छ ।

## परिच्छेद-तीन
## विविध

**३. पुस्तकालय सहायक(लाइब्रेरियन) कर्मचारी नियुक्ति** : नमूना पुस्तकालय अनुदान प्राप्त विद्यालयको शिक्षकको नियुक्ति सम्बन्धी व्यवस्था

**३.१** २०७८ असार मसान्तसम्म यस कार्यविधिअनुसार योग्यता पुगेको व्यक्तिलाई पुस्तकालय अनुदान प्राप्त गर्ने विद्यालयले आन्तरिक स्रोतबाट तलब भत्ता पाउने गरी पुस्तकालयको कामकाज गर्ने मूल प्रयोजनार्थ लाइब्रेरियन पदमा नियुक्ति वा जिम्मेवारी दिएको भएमा निज व्यक्तिलाई पुस्तकालय सहायक(लाइब्रेरियन) पदमा २०७८ मंसिर १ देखि लागु हुने गरी नियुक्ति दिनुपर्ने छ ।

**३.१.२** २०७८ असार मसान्तसम्म योग्यता नपुगेको व्यक्तिलाई नियुक्ति दिन पाइने छैन । यदि पुस्तकालयमा काम गर्न पूर्ववत् रूपमा नियुक्त व्यक्ति नभएको खण्डमा विज्ञापनद्वारा पदपूर्तीका लागि गाउँपालिकामा अनुमति माग गर्नुपर्ने छ ।

**३.१.३** नियुक्ति पाएको लाइब्रेरियनले नियुक्ति मितिदेखि नै तलब भत्ता पाउने छ ।

**३.१.४** पुस्तकालय सञ्चालन सम्बन्धी थप व्यवस्था विद्यालयसँग समन्वय गरी सम्बन्धित शाखाको निर्णय अनुसार हुने छ ।

**समाप्त**

**आज्ञाले**
**सुमन पन्थ**
**प्रमुख प्रशासकीय अधिकृत**
**गौमुखी गाउँपालिका, प्यूठान**